*आर्थिक वर्ष २०८०।०८१ को दोस्रो तथा समग्रमा ७२ औं गाउँ कार्यपालिका बैठक मिति २०८०।०५।१३ का निर्णयहरु*

१. ७१ औं गाउँ कार्यापालिका बैठकका निर्णय कार्यान्वयनको अवस्था समीक्षा गरियो ।

२. सर्वोदय विद्यालय भवन योजना वडा नं २ र वडा नं ३ कार्यालय भवन निर्माण योजना अन्तरगत संघीय सरकारबाट प्राप्त हुनुपर्ने बजेट सम्बन्धित निकायमा माग गर्ने ।

३. आ.व २०८०।०८१ मा संघीय विशेष अनुदान अन्तरगत विद्यालय फर्निचर फिक्चर्स मर्मत तथा व्यवस्थापन शिर्षकबाट गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको स्थलगत अनुगमन गरी आवश्यकतानुसार फर्निचर व्यवस्थापन, भित्ते लेखन लगायत विद्यालय व्यवस्थापनका कार्यहरु गर्ने गराउने ।

४. मनसुनजन्य विपद प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि,२०७७ को दफा ५ बमोजिम गाउँपालिकाले साझेदारी गर्नुपर्ने रकम विपद व्यवस्थापन कोषबाट व्ययभार गर्ने ।

५. आर्थिक वर्ष २०८०।०८१ मा योजना तथा कार्यक्रम कार्यान्वयनका लागि तपसिल बमोजिम समय तालिका कार्यान्वयन गर्ने\गराउने ।

तपसिलः

| आ.व. २०८०।०८१ का लागि योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका | | | |
|---|---|---|---|
| **क्रियाकलाप** | **समय सिमा** | **जिम्मेवार निकाय\व्यक्ति** | **कैफियत** |
| उपभोक्ता समिति गठन | वडा नं १ मंसिर १०<br>वडा नं २ मंसिर १५<br>वडा नं ३ मंसिर ५<br>वडा नं ४ र कार्तिक मसान्त<br>वडा नं ५ असोज २५ | वडा समिति तथा योजना शाखा प्राविधिकलेखा शाखा\ | मनासिब कारण बाहेक मंसिर मसान्त भन्दा पछि उ.भो.स गठन गरिने योजना कार्यान्वयन नगर्ने |
| उपभोक्ता समिति अभिमूखीकरण | मङ्सिर मसान्त | योजना शाखा, प्राविधिकलेखा \ शाखा | |
| योजना सर्वे तथा नापजाँच | मङ्सिर मसान्त | प्राविधिक शाखा | |
| योजना सम्झौता | पौष मसान्त | वडा समिति गाउँ कार्यपालिका\ कार्यालय र सम्बन्धित उस.भो. | |
| योजना कार्यान्वयन | चैत्र मसान्त | | |
| योजना अनुगमन तथा मूल्याङ्कन | योजना सञ्चालन अवधिभर | वडा तथा गाउँपालिका अनुगमन समिति | |
| योजना फरफारक र भुक्तानी | वैशाख मसान्त भित्र | योजना \लेखा शाखा\प्राविधिक\ गाउँ कार्यपालिका | |

*आर्थिक वर्ष २०८०।०८१ को दोस्रो तथा समग्रमा ७२ औं गाउँ कार्यपालिका बैठक मिति २०८०।०५।१३ का निर्णयहरु*

| | | | |
|---|---|---|---|
| विषयगत शाखाका कार्यक्रमहरु | विषयगत समितिको संयोजकसँग समन्वय गरी सम्बन्धित शाखाबाट पेश भए बमोजिमको कार्यतालिका बमोजिम | शाखा प्रमुख र सम्बन्धित कर्मचारी | प्र.प्र.अ ले स्वीकृत गर्ने |
| टेण्डर मार्फत सञ्चालन गरिने योजनाहरुको सम्बन्धमा मंसिर मसान्त भित्र सबै टेण्डर प्रक्रिया सम्पन्न गरी कार्यान्वयन शुरु गर्ने । | | | |

तुफान पुन
प्रवक्ता